**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता ब्यानर्जीले आज संविधान दिवसको अवसरमा आफ्नो सन्देशमा भारतको संविधानको प्रशंसा गर्नुभएको छ।
- अल इन्डिया बुद्धिस्ट फोरमले संबिधान दिवसको अवसरमा बौद्ध टेम्पल (बीटी) एक्ट १९४९ रद्द गर्नुपर्ने अनि बौद्धगया टेम्पल म्यानेजमेन्ट कमिटी (बीटीएससी) पूर्णरूपमा बौद्ध धर्मावलम्बीहरूको नियन्त्रणमा दिइनुपर्ने माग गर्दै ज्ञापन बुझाएको छ|
- कालेबुङ नगरपालिका क्षेत्रमा बढ्दो अवैध होडिङहरूलाई लिएर कालेबुङ नगरपालिकाले कडा पाइला चाल्ने चेताउनी दिएको छ।
- सीपीआईएम दार्जीलिङ जिल्ला कमिटी-ले एकपल्ट फेरि सिलगड़ी नगर निगममाथि भ्रष्टाचारको आरोप लगाउँदै विरोध प्रदर्शन गर्नेभएको छ।

**मुख्यमन्त्री-संविधान दिवस**

मुख्यमन्त्री ममता ब्यानर्जीले आज संविधान दिवसको अवसरमा आफ्नो सन्देशमा भारतको संविधानको प्रशंसा गर्नुभएको छ। उहाँले संविधानको मूल सिद्धान्त स्वतन्त्रता, समानता, न्याय, भाइचारा, लोकतन्त्र र धर्मनिरपेक्षताले देशलाई सुदृढ तुल्याउने बताउनु भयो।मुख्यमन्त्री एक्समा लेख्नु भएको छ, "आजको यो संविधान दिवसमा हामी फेरि गर्व अनुभव गर्छौं कि हाम्रो संविधानले हामीलाई यी मूल्यमान्यताहरू सिकाएको छ। यी मूल्यमान्यताहरू पालना गरेकोमा म सबै देशबासीलाई बधाई दिन्छु।" संविधान अङ्गीकार गरेको ७५ वर्ष पूरा भएको अवसरमा आजको दिन थप विशेष भएको मुख्यमन्त्रीले बताउनु भयो।हरेक वर्ष २६ नोभेम्बरमा संविधान दिवस मनाइन्छ । सन् १९४९ मा आजकै दिन भारतीय संविधान सभाले संविधान पारित गरेको थियो, जुन २६ जनवरी १९५० देखि लागू भएको थियो। संवैधानिक मूल्यमान्यताबारे नागरिकमा चेतना अभिवृद्धि गर्न र राष्ट्रिय एकतालाई प्रोत्साहित गर्ने उद्देश्यले यो दिवस मनाइन्छ ।मुख्यमन्त्री ममता ब्यानर्जीले देशवासीलाई संविधानको मूल्य मान्यतालाई सशक्त बनाउन आह्वान गर्नु भएको छ । उहाँले यसलाई विविधतामा भारतको एकताको प्रतीकको रूपमा वर्णन गर्दै सबै नागरिकहरूलाई संविधान दिवसको शुभकामना दिनु भएको छ।

****** ० ******

**सन्तु गांगुली पक्राउ**

केन्द्रीय जाँच ब्यूरो (सीबीआई) ले स्कूल भर्ती घोटाला मामिलामा तृणमूल कांग्रेस (TMC) का नेता सन्तु गांगुलीलाई हिजो साँझ पक्राउ गरेको छ। सन्तु गांगुलीलाई पूर्वमन्त्री पार्थ च्याटर्जीको नजिकको मानिन्छ।सीबीआई अधिकारीहरूले आज बिहान भनेअनुसार सन्तु गांगुलीलाई उहाँको बेहलास्थित निवासबाट सोधपुछ पछि पक्राउ गरिएको हो। सीबीआईअनुसार राज्य सरकारद्वारा सञ्चालित प्राथमिक विद्यालयहरूमा भर्ती प्रक्रियामा भएको अनियमितताबारे अनुसन्धान भइरहेको थियो, जसमा सन्तु गांगुलीको संलग्नताको बलियो प्रमाण फेला परेको थियो।सीबीआईका एक अधिकारीले गागुली यो घोटालामा आर्थिक लेनदेनमा संलग्न भएको प्रमाण आफूहरूसँग रहेको बताउनु भयो। यसअघि पनि गांगुलीको घरमा खोजीका क्रममा बैंकसँग सम्बन्धित धेरै कागजपत्र बरामद गरिएको थियो। सन्तु गांगुलीले सोधपुछका क्रममा सहयोग नगरेको अनि जसका कारण उहाँलाई पक्राउ गर्न परेको पनि अधिकारीले भन्नुभयो।यसअघि प्रवर्तन निदेशालयले पनि सन्तु गांगुलीलाई सोधपुछ गरेको थियो र उहाँको घरमा खोजी अभियान चलाएको थियो।स्मरण रहोस्, यो मुद्दा राज्यका पूर्व मन्त्री पार्थ च्याटर्जीसँग पनि सम्बन्धित छ, जसलाई ईडीले पहिले नै पक्राउ गरिसकेको छ। सीबीआई र ईडीले यस घोटालासँग सम्बन्धित अन्य धेरै आरोपीहरूमाथि पनि नजर राखिरहेको बताइएको छ।

****** ० ******

**अल इन्डिया बुद्धिस्ट फोरम**

अल इन्डिया बुद्धिस्ट फोरमले संवैधानिक दिवसको अवसरमा आज आफ्नो दुईवटा महत्त्वपूर्ण माग पेश गरेका छन्। फोरमले कालेबुङ जिल्लापालमार्फत् पश्चिम बंगालका मुख्यमन्त्री अनि राज्यपाललाई पत्राचार गर्दै दुइ महत्त्वपूर्ण मागहरू क्रमैले बौद्ध टेम्पल (बीटी) एक्ट १९४९ रद्द गर्नुपर्ने अनि बौद्धगया टेम्पल म्यानेजमेन्ट कमिटी (बीटीएससी) पूर्णरूपमा बौद्ध धर्मावलम्बीहरूको नियन्त्रणमा दिइनुपर्ने माग गरेको छ। यो मागलाई बल दिनका लागि फोरमले आज कालेबुङ शहरमा एउटा शान्तिपूर्ण र्‍याली निकाल्यो। र्‍यालीमा विभिन्न समुदायका बौद्ध धर्मावलम्बीहरूको सहभागिता थियो। बौद्ध धर्मको सांस्कृतिक, धार्मिक, र ऐतिहासिक सम्पदाको रक्षा गर्नु र्‍यालीको उद्देश्य रहेको बताइएको छ। यसबारे बोल्दै फोरमका मुख्य सचिव योगवीर शाक्यले बौद्ध धर्मावलम्बीहरूको हितका लागि उक्त माग अत्यन्त महत्त्वपूर्ण रहेको बताउनु भयो । यसैगरी अल इण्डिया बुद्धिष्ट फोरम मिरिकले पनि आज सोहि मांग गर्दै मिरिक महकुमा शासकलाई ज्ञापन पत्र बुझाएको छ| ज्ञापन पत्र बुझाएपछि पत्रकारहरूसित बोल्दै फोरमका उपाध्यक्ष एमके योन्जनले यसै मागमा गत बर्ष पनि आजकै दिन बुद्धगया बिहारमा देशका बाईस वटा राज्यहरू बाट बौद्ध प्रतिनिधि भेला गराई विराट बौद्ध शान्ति रैली आयोजन गरेको जानकारी दिनु भयो।

****** ० ******

**खर्संग बौद्ध**

सोहिक्रममा फोरमको पक्षबाट खरसाङ महकुमा शासकमार्फत बिहारका मुख्यमन्त्रीलाई ज्ञापन चढाइएको छ। अल इण्डिया बुद्धिष्ट फोरम, अखिल भारतीय तामाङ बौद्ध संगठन, खरसाङ बुद्धिष्ट एसोसिएसन टॉसी साम्तेनलिङ गुम्बा, महायान म्हाणीपा संघ, शेर्पा बुद्धिष्ट एसोसिएसन, अखिल भारतीय गुरुङ तमु बौद्ध संगठन अनि अन्यान्य बौद्ध संगठनहरूका प्रतिनिधिहरूले खरसाङ महकुमा शासक मार्फत उक्त ज्ञापन बिहारका मुख्यमन्त्रीलाई चड़ाएको हो ।

****** ० ******

**सुरज राई-आर्थिक सहयोग**

उपचाराधीन पत्रकार सुरज राईलाई सिक्किमको तर्फबाट आर्थिक सहयोग प्रदान गरिएको छ। सिक्किमका मुख्यमन्त्री पीएस गोलेका मिडिया संयोजक डिचेन ओङ्मु आज सिलगढीको एउटा निजी अस्पतालमा उपचाराधीन दार्जिलिङका पत्रकार सुरज राईलाई भेट्न अस्पताल पुग्नु भएको थियो भने उहाँले यस अवसरमा राईलाई मुख्यमन्त्रीको पक्षबाट आर्थिक सहयोग प्रदान गर्नु भयो।स्मरण रहोस्, 21 नोभेम्बर बिहीबार सोम चियाबगानको खोलामाथि निर्माण गरिएको काठको पूलबाट झरेर पत्रकार सुरज राई गम्भीर घाइते भएका थिए र उनलाई उपचारको निम्ति सिलगढी पुर्‍याएको थियो। पत्रकार राईको अपरेशन गर्नु पर्ने भएकोले राईलाई सबैले आर्थिक सहयोग पुर्‍याइदिने परिवार पक्षले सार्वजनिक अपील गरेका थिए। सोही अपीललाई सम्बोधन गर्दै मुख्यमन्त्री गोलले राईको परिवारको आर्थिक सहयोग गर्नु भएको छ । राईको परिवारले यस चुनौतीपूर्ण समयमा पुर्‍याएको सहयोगले आफूहरूलाई धेरै राहत पुर्‍याएको भन्दै हार्दिक कृतज्ञता व्यक्त गरेका छन्।

****** ० ******

**कालेबुङ होडिङ**

कालेबुङ नगरपालिका क्षेत्रमा बढ्दो अवैध होडिङहरूलाई लिएर कालेबुङ नगरपालिकाले कडा पाइला चाल्ने चेताउनी दिएको छ। आज पत्रकार सम्मेलन गर्दै नगर प्रशासक रवि प्रधानले उक्त कुरो सार्वजनिक गर्नु भएको हो। कालेबुङ नगरपालिका क्षेत्रमा पछिल्लो समय अवैध रूपमा होडिङ राख्ने गतिविधि व्यापक रूपमा बढिरहेको जनाउँदै उहाँले यी होडिङहरूबारे नगरपालिकालाई कुनै आधिकारिक जानकारी नआएको र अनुमति पनि नलिइएको बताउनुभयो। अवैध होडिङ राख्ने सबैलाई उहाँले भोलिसम्मको अल्टिमेटम दिनु भएको छ भने यदि भोलिसम्म ती होडिङहरूको बारेमा आवश्यक जानकारी र अनुमति नगरपालिकालाई उपलब्ध नगराइएमा, ती होडिङहरू नगरपालिकाले सिज पनि उहाँले चेताउनीसमेत दिनु भएको छ।

****** ० ******

**सुकलमु**

दार्जिलिङका ट्रेल रनर र प्रोजेक्ट लाइफका सदस्य सुक लामु शेर्पाले अरुणाचल प्रदेशको बासरमा आयोजित प्रतिष्ठित ३० किलोमिटर ब्रुट ४.० ट्रेल रनमा तेस्रो स्थान हासिल गरे। महिलातर्फको प्रतिस्पर्धामा सुक लामुले ४ घण्टा ५५ मिनेट र १६ सेकेन्डको

प्रभावशाली समयमा १७०० मिटर उचाइमा रहेको चुनौतीपूर्ण दौड पूरा गरिन् । BRUTE, पूर्वोत्तर भारतको प्रमुख अन्तर्राष्ट्रिय ट्रेल दौडहरू मध्ये एकको रूपमा मान्यता प्राप्त छ। यस्तो प्रतिस्पर्धात्मक कार्यक्रममा सुक लामुको डेब्यु प्रदर्शनले व्यापक प्रशंसा पाएको छ। प्रोजेक्ट लाइफका संयोजक श्री बिक्रम थापाले सुक लमुको समग्र समुदायका लागि प्रेरणा हो भनि बताउनु भएको छ| दुई छोरीकी आमा र श्री धरती शेर्पाकी श्रीमती सुक लमु, लमहट्टामा आफ्नो दैनिक जीवनको मागसँग खेलकुद प्रयासलाई सन्तुलनमा राख्छिन्।

****** ० ******

**सीपीआईएम सिलगढी**

सीपीआईएम दार्जीलिङ जिल्ला कमिटी-ले एकपल्ट फेरि सिलगड़ी नगर निगममाथि भ्रष्टाचारको आरोप लगाउँदै आगामी 29 नोभेम्बर शुक्रवार सिलगड़ी नगर निगमबाहिर विरोध प्रदर्शन गर्नेभएको छ।आज सिलगड़ीको अनिल विश्वास भवनमा एउटा पत्रकार सम्मेलन आयोजन गर्दै सीपीआईएम दार्जीलिङ जिला कमिटीका संयोजक जीवेश सरकारले यसको जानकारी दिनु भएको हो। सम्मेलनमा उहाँसित पार्टीका जिल्ला सचिव समन पाठक अनि सिलगढी नगर निगमका माकपा पार्षद मुंशी नुरुल इस्लाम पनि उपस्थित थिए।यस अवसरमा सिलगढ़ी नगर निगम क्षेत्रमा पिउने पानीको समस्या अझ जटिल बन्दै गइरहेको उहाँले बताउनु भयो। यसका साथै, नगर निगममा भइरहेको भ्रष्टाचार विरुद्ध बोर्ड बैठकहरूमा आवाज उठाउँदा विपक्षको आवाजलाई दबाइने गरिएको अभियोग पनि उहाँले लगाउनु भयो। यी सबैको विरोध जनाउँदै आउँदो 29 नोभेम्बरको दिन सिलगढ़ी नगर निगम कार्यालयबाहिर सीपीआईएम दार्जीलिङ जिल्ला कमिटीले विरोध एवम् धरना प्रदर्शन गर्नेभएको उहाँले जानकारी गराउनु भएको छ।

****** ० ******

**पानीघटटा चियाबगान**

बन्द अवस्थामा रहेको पानीघटटा चियाबगानका श्रमिकहरू बगान खोलिनु पर्ने मागका साथ अनशनमा बसेका छन। यस्तोमा हाम्रो पार्टी अध्यक्ष अजय एडवार्डसले आज सो बगान पुगी श्रमिकहरुलाई भेटघाट गर्नु भएको छ। श्री एडवर्डसले अनशनमा बसेका श्रमिकहरुको माग न्यायसंगत रहेको भन्दै आफू सदैव श्रमिकहरुको साथ रहने आश्वासन पनि दिनुभयो। हाम्रो पार्टीको तर्फवाट जारी गरिएको एक बिज्ञप्ति अनुसार हाम्रो पार्टीले श्रमिकहरुको लडाईलाई सदैव सहयोग गरेको बताइएको छ। एडवर्डस सहित केन्द्रीय समिति सदस्या मन्दीप लामा लगायत अन्य कार्यकर्ताहरू अनशन स्थलमा पूगेका थिए।

****** ० ******

**गोर्खाजनमुक्तिमोर्चा**

गोर्खा जनमुक्ति मोर्चा खरसाङ महकुमा समितिले आज सम्पूर्ण भातृ संगठनका बरिष्ठ नेतृत्वहरुलाइ लिएर एउटा सांगठनिक सभा सम्पन्न गरयो।
सभामा पार्टीका अध्यक्ष बिमल गुरुङको बिशेष उपस्थिति रहेको थियो|
सभामा आउँदो दिनमा के कस्तो रणनीतिहरु बनाएर संगठनलाई अझै मजबुत र बलियो बनाउने भन्ने बारेमा विशेष चर्चा परिचर्चा गरियो।

****** ० ******

**कालेबुङ र्‍याली**

राष्ट्रिय संवैधानिक दिवसको अवसरमा आज अल इन्डिया बुद्धिस्ट फोरमले कालेबुङ जिल्लापाल मार्फत् पश्चिम बंगालका मुख्यमन्त्री अनि राज्यपाललाई पत्राचार गर्दै दुइ महत्त्वपूर्ण मागहरू क्रमैले बौद्ध टेम्पल (बीटी) एक्ट 1949 रद्द गर्नुपर्ने अनि बौद्धगया टेम्पल म्यानेजमेन्ट कमिटी (बीटीएससी) पूर्ण रूपमा बौद्ध धर्मावलम्बीहरूको नियन्त्रणमा दिइनुपर्ने माग गरेको छ।फोरमको भनाइअनुसार बौद्धगया टेम्पल म्यानेजमेन्ट कमिटीमा बौद्ध धर्मावलम्बीहरूभन्दा हिन्दु धर्मावलम्बीहरूको सदस्य संख्या धेर रहेको छ। यसो हुनुले यो बौद्ध धर्मावलम्बीहरूमाथि न्याय नभएको फोरमको ठहर छ।यो मागलाई बल दिनका लागि फोरमले आज कालेबुङ शहरमा एउटा शान्तिपूर्ण र्‍याली निकाल्यो। र्‍यालीमा विभिन्न समुदायका बौद्ध धर्मावलम्बीहरूको सहभागिता थियो। बौद्ध धर्मको

सांस्कृतिक, धार्मिक, र ऐतिहासिक सम्पदाको रक्षा गर्नु र्‍यालीको उद्देश्य रहेको बताइएको छ।यसबारे बोल्दै फोरमका मुख्य सचिव योगवीर शाक्यले बौद्ध धर्मावलम्बीहरूको हितका लागि यो माग अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो।

****** ० ******